**दोगडाकेदार गाउँपालिका**

बैतडी, प्रदेश नं. ७, नेपाल

# दोगडाकेदार गाउँपालिकाको राजपत्र

**दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित**

**खण्डः २ संख्याः १ सम्बत् २०७५ असार ३१ गते**

**भाग-१**

## दोगडाकेदार गाउँपालिका

## विनियोजन ऐन, २०७५

नेपालको संविधानको धारा २२९ ले दिएको अधिकार प्रयोग गरि दोगडाकेदार गाउँपालिकाको गाउँसभाले आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्नका लागि **विनियोजन ऐन, २०७५** स्वीकृत गरि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

# दोगडाकेदार गाउँपालिका
# विनियोजन ऐन, २०७५

गाउँसभाबाट स्वीकृत मिति : २०७५।०३।३०
परमाणिकरण मिति : २०७५।०३।३१

**प्रस्तावना:** दोगडा केदार गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिमदोगडा केदार गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भ:** **(१)**यस ऐनको नाम " दोगडाकेदार गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५/०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४०२६५१०००।- (अक्षेरुपी चालिस करोड छब्बिस लाख एकाउन्न हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** **(१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त दोगडाकेदार गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्य

चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगतखर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगतशाखा | | | | |
| ४ | | ऋणको सावाव्याजभुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |

आज्ञाले,
नाम :- भोजराज श्रीपाइली
प्रमुख प्रशासकीय अधिकृत